१/
३९८

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ३३१/२०७१/०७२

निर्णय नं. २

घरेलु तथा साना उद्योग विकास समितिका निर्देशक विनोद कुमार कार्की ..............................१ निवेदक

विरूद्ध

कार्यकारी निर्देशक, घरेलु तथा साना उद्योग विकास समिति, प्रधान कार्यालय, काठमाडौं .........१ विपक्षी

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।

घरेलु तथा साना उद्योग विकास समितिका निर्देशक विनोद कुमार कार्कीले घरेलु तथा साना उद्योग विकास समिति, प्रधान कार्यालय, काठमाडौं समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।१२।०५ मा निवेदन गरेको । सो सम्बन्धमा निवेदकले माग गरेको सूचना के कति कारणले उपलब्ध नगराएको हो ? सात (७) दिन भित्र जानकारी पठाउनू भनी यस आयोगबाट मिति २०७१।१२।१९, च.नं ७४८ को पत्रबाट लेखी पठाएकोमा सो को कुनै जानकारी यस आयोगमा प्राप्त नभएको । सो सम्बन्धी सूचना हालसम्म पनि उपलब्ध नगराएकोले उपलब्ध गराउन आदेश गरी पाउँ भनी निवेदकले मिति २०७२।०४।१३ मा यस आयोगमा पुन: निवेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर निवेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: निवेदकले माग गरेको तपसिलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी घरेलु तथा साना उद्योग विकास समिति, प्रधान कार्यालय, काठमाडौंका कार्यकारी निर्देशकको नाममा यो आदेश जारी गरिएको छ । निवेदकको निवेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी निवेदकलाई दिनू ।

**तपसिल**

१. समितिमा कार्यरत सुरेन्द्र कुमार थापा मगरलाई कुन मितिमा प्रकाशित सूचना बमोजिम तह ८ उप निर्देशक (प्र) पदमा बढुवा गरियो सो सूचनाको प्रतिलिपि ।

२. निजलाई कुन मितिको पदपूर्ती समितिको निर्णयानुसार कहिले देखि लागु हुने गरी तह ७ बरिष्ठ अधिकृत (प्र) बाट तह ८ उप निर्देशक (प्र) पदमा बढुवा गरियो सो सम्बन्धी प्रक्रिया तथा निर्णयको प्रतिलिपि ।

३. निजको उक्त बढुवा भएको सूचना घरेलु तथा साना उद्योग विकास समितिको कर्मचारी सेवा शर्त नियमावली २०५५ (शंसोधनसहित) को दफा ४.११ (क) बमोजिम न्यूनतम प्राप्ताङ्क समेत उल्लेख गरी सार्वजनिक सूचना प्रकाशित गर्नुपर्ने व्यवस्था रहेकोमा सो सूचना कहिले कुन मितिको पत्रिकामा प्रकाशित भयो सो सूचनाको प्रतिलिपि ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल श्रावण १२ गते रोज ४ शुभम् ।